# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## सामान्य सेवा विभाग
## बालुवाटार, काठमाण्डौंको
## २०६७ सालको कार्यालय पात्रो (क्यालेन्डर) छपाई गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
**(प्रथम पटक प्रकाशित मिति २०६६/११/०६)**

यस बैंकको लागि १२० ग्राम सेतो डबल कोटेड आर्ट पेपरमा १२,००० थान २०६७ सालको कार्यालय पात्रो अफसेट प्रविधिबाट छपाई गर्नु पर्ने भएकोले ईच्छुक रजिष्टर्ड छापाखानाहरु बाट यो सूचना गोरखापत्रमा प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०६६/११/२१ गते भित्र यस विभागमा आइपुग्ने गरी सिलवन्दी दरभाउपत्र आह्वान गरिएकोछ ।

१. दरभाउपत्र फारम रु.५००।०० (पछि फिर्ता नहुने गरी) यस बैंकको सामान्य सेवा विभागको आन्तरिक प्रशासन फाँट, खरिद इकाईबाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात मिति २०६६/११/२० गते (सो दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को ३:०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारबाट खरिद गर्न सकिनेछ ।

३. दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०६६/११/२१ (सो दिन विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन) को मध्यान्ह १२:०० बजेभित्र यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा दाखिला भई सक्नु पर्नेछ र सोहि दिन अपरान्ह १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (प्रतिनिधि उपस्थिती नभए पनि) खोलिनेछ ।

४. कार्यालय पात्रो छपाई सम्वन्धी प्रस्ताव सिलवन्दी खाममा पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र फारामका साथ विडवण्ड वापत आफुले कबुल गरेको मूल्यको पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिंग कार्यालय, थापाथली स्थित सा.हि.नं ९ मा नगद जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम दिनले न्यूनतम ६० दिन अवधि भएको यस बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक वा बित्तीय संस्थाहरुबाट यस बैंकको पक्षमा जारी भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्रदाता कुनै सरकारी वा गैर सरकारी संस्थाको कालो सूचीमा नपरेको हुनु पर्नेछ ।

७. यस सम्वन्धमा थप जानकारी चाहिएमा यस बैंकको सामान्य सेवा विभाग, आन्तरिक प्रशासन फाँट, खरिद इकाई बालुवाटार, काठमाडौंमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

८. यो सूचना तथा दरभाउपत्र सम्बन्धी कागजातहरु नेपाल राष्ट्र बैंकको वेबसाईट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।

सामान्य सेवा विभाग
आन्तरिक प्रशासन फाँट

# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय

## २०६७ सालको कार्यालय पात्रो (क्यालेन्डर) छपाई गर्ने सम्बन्धी

## शिलवन्दी दरभाउपत्र फाराम:

| | | |
|---|---|---|
| सिलवन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति | : | २०६६।११।२१ गते दिनको १२.०० बजे सम्म । |
| दरभाउपत्र खोल्ने मिति | : | २०६६।११।२१ गते । |
| समय | : | दिनको १:०० बजे । |
| स्थान | : | केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग । |

बिक्रम सम्वत २०६७ सालको कार्यालय पात्रो (क्यालेण्डर) छपाई गर्ने वारे मिति २०६६ साल फाल्गुण ६ गतेको गोरखापत्र दैनिकमा प्रकाशित सिलवन्दी दरभाउपत्र सम्वन्धी सूचना र संलग्न फाराममा उलिखित शर्तहरुको अधिनमा रही यस छापाखानाले बैंकले तोकेको नमूना तथा स्पेसिफिकेशन वमोजिम कार्यालय पात्रो उपलब्ध गराउनको लागि नियमानुसार यो सिलवन्दी दरभाउपत्र फाराम पेश गरेको छु/छौं ।

फर्म/कम्पनीको नाम :

पूरा ठेगाना :

फर्म/कम्पनीकोको तर्फबाट अख्तियारवालाको दस्तखत ( प्रोप्राईटर, संचालक वा संस्थाले अख्तियारी दिएको व्यक्ति):

पूरा नाम :

मिति :

फोन नं. :

मोवाईल नं. :

फयाक्स नं. :

फर्मको छाप :

## कार्यालय पात्रो छपाई सम्वन्धी आर्थिक प्रस्ताव :

| सि.नं. | कार्यालय पात्रोको विवरण | संख्या | प्रति ईकाइ मूल्य रु. | | जम्मा मूल्य रु. | |
|---|---|---|---|---|---|---|
| | | | मू.अ.कर बाहेक | मू.अ.कर समेत | मू.अ.कर बाहेक | मू.अ.कर समेत |
| १ | संलग्न विवरण तथा नमूना वमोजिमको १२० ग्राम तौल भएको सेतो डबल कोटेड आर्ट पेपरमा छपाई गरी Wire O Binding सहित | १२,००० थान | | | | |

मूल्य अभिबृद्धिकर समेतको जम्मा मूल्य अक्षरमा रु...............................

**नोटः**

(क) बैंकले तोकेको स्पेशिफिकेशन अनुसारको कागज वाहेक अन्य कागज स्वीकार्य हुने छैन ।

(ख) उल्लेख गरेको मूल्यमा मूल्य अभिबृद्धि कर समेत समावेस हुनु पर्नेछ ।

(ग) कार्यालय पात्रोको संख्या तथा पाना थपघट भएमा सोही अनुपातमा मूल्य समायोजन गरिनेछ ।

**कार्यालय पात्रोको बिवरणः**

(क) लम्वाई : ५० सेण्टीमिटर

(ख) चौडाई : ३७ सेण्टीमिटर

(ग) पाना : कभर पाना समेत जम्मा १३ (तेह्) पाना ।

(घ) छपाई : रातो र नीलो मसीमा देवनागरी र अंग्रेजी लिपीमा अफसेट प्रविधिद्वारा छपाई गरी Wire O Binding गरी तयार गर्नु पर्ने ।

**नोटः**

कार्यालय पात्रोको पाण्डुलिपी छपाईको अर्डर पाउने स्वीकृत दरभाउपत्रदातालाई बैंकले यथासमयमा उपलव्ध गराउनेछ ।

## २०६७ सालको क्यालेन्डर छपाई दरभाउपत्रका शर्तहरु :

### १. दरभाउपत्रदातालाई निर्देशन

१.१ दरभाउपत्रदाताले खामको वाहिरपट्टी शीरमा "कार्यालय पात्रो छपाई गर्ने वारे" भन्ने लेखी श्री कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, सामान्य सेवा विभागलाई सम्वोधन गरेको हुनु पर्नेछ ।

१.२ दरभाउपत्रदाताले दररेट अंक र अक्षरमा स्पष्ट लेख्नुको साथै जम्मा रकम समेत उल्लेख गर्नु पर्नेछ । साथै दरभाउपत्र पेश गर्दा दर देखिनेमा दर, जम्मा देखिनेमा जम्मा र दर र जम्मा दुवै देखिनेमा दुवै खोली अंकलाई अक्षर समेतले बोलाई लेख्नु पर्नेछ । जम्मामा अंक र अक्षर नलेखिएको दरभाउपत्रलाई मान्यता दिइने छैन । सो लेख्दा भरिसक्य नविराइकन स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । विरिन गई सच्याउनु परेमा अंक र अक्षर खुर्कनु, मेट्नु हुदैन । विरिएजति अंक र अक्षर पढन सकिने गरी काटी थप्नु पर्ने भएमा थप चिन्ह प्रयोग गरी जे लेख्नु पर्ने हो सो लेखी थप गरेको तथा काटेको ठाउंमा समेत अरु अंक र अक्षर थपघट गर्न नमिल्ने गरी अगाडि र पछाडि सहिछाप गरेको हुनु पर्नेछ । सो वमोजिम नभएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।

१.३ बैंकबाट खरिद गरेको सक्कलै दरभाउपत्र फाराम पेश गर्नु पर्नेछ । फोटोकपी गरी वा अन्य कुनै तरिकाले दरभाउपत्र बनाई पेश गरेमा त्यस्तो दरभाउपत्र रद्ध गरिने छ ।

१.४ दरभाउपत्रका साथ बैकबाट दरभाउपत्र फारम खरिद गर्दा उपलब्ध गराईएको रसिद अनिबार्य रुपमा संलग्न हुनु पर्ने छ । साथै, पेश भएका कागजातहरुमा दरभाउपत्रदाताले रितपूर्वक दस्तखत तथा फर्म/कम्पनीको छाप लगाउनु पर्नेछ ।

१.५ दरभाउपत्र फाराममा उल्लेख भएका शर्तहरु बाहेक दरभाउपत्रदाताले आफ्नै तर्फबाट कुनै शर्त राखी दरभाउपत्र पेश गरेमा सो शर्त स्वीकार गर्ने वा नगर्ने अधिकार बैंकमा निहित रहनेछ ।

१.६ फर्म/कम्पनी/छापाखानाहरुले उपलब्ध गराउने कार्यालय पात्रोको गुणस्तर बैंकले तोकेको भन्दा कम भएमा बैंकलाई मान्य हुने छैन ।

१.७ पात्रोको कागजको गुणस्तर सम्बन्धमा गुणस्तर तथा नापतौल कार्यालयबाट प्रमाणित गरेको हुनु पर्नेछ ।

१.८ दरभाउपत्र स्वीकार गर्ने/नगर्ने वा आंशिकरुपमा स्विकार गर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस बैंकको हुनेछ ।

१.९ दरभाउपत्रको सर्वप्रथम पूर्णताको परीक्षण गरिनेछ र पूर्णताको परिक्षणमा सफल दरभाउपत्रको मात्र अन्य पक्षको मूल्यांकनमा समावेश गरिनेछ ।

### २. बोलपत्र खोल्ने मिति र स्थान

२.१ प्राप्त दरभाउपत्रहरु दरभाउपत्र फाराममा उल्लेख भएको मिति, स्थान र समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । उक्त दरभाउपत्र खोलिने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पुगेको मानिने छैन ।

२.२ दरभाउपत्र पेश गर्ने अन्तिम दिन र दरभाउपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा विदा पश्चात कार्यालय खुल्ने पहिलो दिनमा दरभाउपत्र बुझिने र खोलिनेछ ।

## ३. दरभाउपत्रदाताको ग्राह्यता सम्बन्धी आधारहरु

३.१ दरभाउपत्रदाताले दरभाउपत्र प्रस्ताव सिलवन्दी खाममा राखी बैंकमा पेश गर्नु पर्नेछ ।

३.२ दरभाउपत्र फारामका साथ निम्न बमोजिमका कागजातहरु पेश गर्नु पर्ने छ ।

क. फर्म/ कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र ।
ख. नविकरण भएको ब्यबसाय दर्ताको ईजाजतपत्र ।
ग. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा (प्यान) दर्ता नम्बर प्रमाणपत्र ।
घ. २०६५/०६६ अबधि सम्मको सम्वन्धित कर कार्यालयबाट कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा कर बिवरण पेश गरेको प्रमाणित कागजात ।
ङ दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनि गरेको लिखित घोषणा पत्र ।

## ४. दरभाउपत्र र कार्य सम्पादन जमानत सम्बन्धी

४.१ दरभाउपत्रदाताले दरभाउपत्रका साथ आफूले कबूल गरेको रकमको कम्तीमा पांच प्रतिशतले हुन आउने रकममा नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथलीस्थित सा.हि.नं ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने ईजाजतपत्र प्राप्त बैंक वा बित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको सो रकम बराबरको ६० दिन अवधि भएको दरभाउपत्र जमानत पेश गर्नु पर्ने छ ।

४.२ स्वीकृत भएका दरभाउपत्रदाताले आफूले कबुल गरेको रकमको दश प्रतिशतले हुन आउने रकम नघटाई यस बैंकको बैंकिंग कार्यालय, थापाथली स्थित सा.हि.नं ९ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस बैंकलाई मान्य हुने ईजाजतपत्र प्राप्त बैंक वा बित्तीय संस्थाले यस बैंकको पक्षमा जारी गरेको सो रकम बराबरको ९० दिन अवधी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ ।

४.३ दरभाउपत्र स्वीकृत हुने दरभाउपत्रदाताले शर्त नं.४.२ वमोजिम कार्य सम्पादन जमानत वापतको रकम नगद जम्मा गर्ने भएमा दरभाउपत्र पेश गर्दा दरभाउपत्र जमानत वापत नगद जम्मा गरेको रकममा नपुग हुन आएजति रकम मात्र जम्मा गरेमा समेत त्यस्तो कार्य सम्पादन जमानतलाई मान्यता दिइनेछ ।

४.४ स्वीकृत हुने दरभाउपत्रदाताले शर्तनं. ४.३ मा उल्लेख भए बमोजिमको कार्य सम्पादन जमानत सहित सम्झौता गर्न आउने पत्र प्राप्त भएको मितिले सात दिन भित्र सम्झौता गर्न आउनु पर्नेछ ।

४.५ दरभाउपत्रदाताले पेश गरेको कार्य सम्पादन जमानत सम्झौतापत्र बमोजिम कार्य सम्पादन भए पछि मात्र फुकुवा गरिनेछ ।

४.६ बैंकबाट स्वीकार नगरिएको दरभाउपत्रदाताको दरभाउपत्र जमानत दरभाउपत्र प्राप्त गर्ने दरभाउपत्रदातासंग सम्झौता भएपछि विना व्याज फिर्ता गरिनेछ ।

## ५. दरभाउपत्र उपर कारवाही र मूल्याङ्कन सम्बन्धी

५.१ बैंकबाट प्रकाशित सूचना तथा यो दरभाउपत्रको शर्त नं. १, ३ र ४ मा उल्लिखित सबै कुराहरुको रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

५.२ दरभाउपत्र खोली स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

५.३ दरभाउपत्रदाताले पेश गरेको दररेट अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । परिमाण र दर अनुसारको जम्मा मुल्य फरक परी दरभाउपत्र पेश हुन आएमा परिमाण र दर अनुसारको रकम बैंकले मिलान गरी कुल बोल अंक कायम गर्न सक्नेछ । त्यसै गरी कुल जम्मा रकममा गणितिय त्रुटी भएमा समेत त्यस्तो त्रुटीलाई बैकबाट सच्याई मिलाउन सकिनेछ ।

५.४ रित पुगेका दरभाउपत्रहरुमध्ये सबैभन्दा कम बोलअंक कबुल गर्ने दरभाउपत्रदाताको दरभाउपत्र स्विकृत हुनेछ ।

६. <u>सामान बुझाउने अबधि</u>

६.१ दरभाउपत्र स्वीकृत भई सम्झौता गरेको अवस्थामा शर्तनं. ८.२ वमोजिम अन्तिम प्रुफ प्राप्त गरेको मितिले १५ दिन भित्र सामान बैकलाई बुझाईसक्नु पर्नेछ ।

६.२ बैंकले सामान बुझाउने अबधि थप गरेमा वा काबु वाहिरको परिस्थिति उत्पन्न भएमा मात्र अवधि थप गर्न सकिनेछ । यस्तो अबधि १५ दिन भन्द बढि थप गरिने छैन ।

६.३ तोकिएको समय शर्तनं. (६.१) भित्र यदि सामान बुझाउने म्याद शर्तनं. (६.२) वमोजिम थप गरिएको रहेछ भने सो म्याद भित्र समेत सामान बुझाउन नसकेमा अवधि समाप्त भएको मितिले प्रति दिन रु.५,०००।०० का दरले हर्जाना लिई बैकले सामान बुझी लिने छ । हर्जाना रकम कूल सम्झौता रकमको १० प्रतिशत भन्दा बढि हुने छैन ।

६.४ सम्झौता रकमको १० प्रतिशत सम्म हर्जाना लाग्ने अवधि सम्ममा पनि सामान बैकलाई बुझाउन नसकेमा सामान बुझ्ने वा नबुझ्ने सम्बन्धमा बैंकले निर्णय गर्नेछ ।

७. <u>भुक्तानी सम्बन्धी ब्यबस्था</u>

७.१ दरभाउपत्र फाराममा उल्लिखित मूल्य बैंकलाई सामान डेलिभरी गर्दाको अन्तिम मूल्य (मू.अ.कर सहित) हुनु पर्नेछ र दरभाउपत्रको प्रयोजन समाप्त नहुन्जेल मूल्यमा बृद्धि गर्न पाइने छैन । बोल रकम नेपाली रुपैयांमा उल्लेख गर्नु पर्नेछ । विदेशी मुद्रामा उल्लेखित बोल रकमलाई मान्यता दिइने छैन ।

७.२ आदेश वमोजिम सम्पूर्ण कार्यालय पात्रो बुझाई सकेपछि मात्र वीलको भुक्तानी एकाउन्टपेयी चेकबाट नेपाली मुद्रामा गरिने छ । अग्रिम वा आंशिक भुक्तानी दिइने छैन ।

८. <u>कारवाही सम्बन्धी ब्यबस्था</u>

८.१ स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र वमोजिमको कार्य गर्न कार्यादेश बुझ्न नआएमा वा कार्य गर्ने सम्वन्धी सम्झौता गर्न नआएमा शर्त नं. ४.१ अनुसार पेश भएको जमानत वा सम्झौता अनुसारको कार्य नगरेमा निजले राखेको शर्त नं.४.३ अनुसारको कार्य सम्पादन जमानत जफत गरी त्यस्तो फर्मलाई कालो सूचीमा राख्न कारवाही चलाईने छ ।

८.२ छपाई आदेश पाएको दरभाउपत्रदाताले कार्यालय पात्रो छपाईको कार्य शुरु गर्नु अगावै यस बैंकले उपलव्ध गराएको पाण्डुलिपी अनुसार प्रुफ समेत पास गराई छपाई कार्य गर्नु पर्नेछ । नमूना स्वीकृत नगराई कार्यालय पात्रो छापिएर बैंकले तोकेको स्तर बमोजिमको कागजको गुणस्तर, छपाई तथा बाईण्डींग, पाना आदि तोकिएको भन्दा नभइ फरक परेमा बैंकलाई स्वीकार्य हुने छैन ।

९. **बिबिध ब्यबस्था**

९.१ प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ । यस्तो कर तथा दस्तुर वापतको रकम दरभाउपत्रदाताले भूक्तानी पाउने रकमबाट कट्टा गरी बैंकबाट संवन्धित सरकारी खातामा जम्मा गरिनेछ ।

९.२ दरभाउपत्रमा कारणबस कुनै पनि किसिमको गल्ति हुन गएको खण्डमा त्यस्तो गल्तिको फाइदा दरभाउपत्रदाताले लिन पाउने छैन । कथंकदाचित कुनै दरभाउपत्रदाताबाट त्यस्तो गल्ति भएको भेट्टाएमा सोको लिखित जानकारी बैंकलाई दिनु पर्नेछ । त्यस्तो जानकारी बैंकमा प्राप्त हुन आएमा र बैंकले आवश्यक देखेमा आवश्यक संशोधन गरी सबै दरभाउपत्रदातालाई सूचना गर्नेछ ।

९.३ दरभाउपत्रदातालाई दरभाउपत्र सम्वन्धी काम कारवाही र निर्णय गर्दा कुनै त्रुटी भएको भन्ने लागेमा र त्यस्तो कारवाही र निर्णयबाट दरभाउपत्रदातालाई क्षती पुग्ने वा पुग्न सक्ने भएमा सो को सवुत प्रमाण सहित दरभाउपत्रदाताले त्यस्तो कारवाही वा निर्णयको पुनरावलोकनका लागि गभर्नर समक्ष निबेदन दिन सक्नेछ ।

९.४ दरभाउपत्र सम्बन्धी अन्य कुराहरु सार्बजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खर्च व्यवस्था विनियमावली, २०६४ वमोजिम हुनेछ ।

नेपाल राष्ट्र बैंक
सामान्य सेवा विभाग
**वालुवाटार, काठमाण्डौं**